परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily    राष्ट्रिय दैनिक

वर्ष : ३    अंक : ३५८    पृष्ठ ४    २०८२ असोज २७ गते, सोमबार    13 October, 2025    मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# नगरप्रमुख क्षेत्रीको प्रतिबद्धता : “घाइतेको उपचार रोकिँदैन”

● टक नेपाल

बर्दिबास नगरपालिका-१० खयरमारामा असोज १७ गते भएको बस दुर्घटनामा घाइते भएका बिरामीहरूको उपचार अवस्थाबारे जानकारी लिन बर्दिबास नगरपालिकाका नगरप्रमुख प्रहलादकुमार क्षेत्री आइतवार काठमाडौँस्थित विभिन्न अस्पतालहरूमा पुगेका छन्।



नगरप्रमुख क्षेत्री बीपी यातायातका प्रतिनिधिहरूसहित घाइतेहरूको उपचारमा सघाउन काठमाडौँ पुगेका थिए। उहाँले हेलिकप्टरमार्फत घाइतेलाई काठमाडौँ लैजाँदा लागेको करिब रु. ५ लाख रकम तत्काल नगरपालिकाबाट उपलब्ध गराउने व्यवस्था गर्नुभएको छ। साथै, घाइतेहरूको उपचारमा सहयोगस्वरूप बीपी यातायात व्यवसायी साथीहरूलाई समेत साथ दिन आग्रह गर्नुभएको छ।

उहाँले ट्रमा सेन्टरमा उपचाररत सुमित्रा बिकलाई पहिलो चरणमा रु. १,५०,००० र बिना बिसंखेल तथा अस्मिता गोलेलाई रु. ५०,०००-५०,००० प्रदान गर्नुभएको थियो। दोस्रो चरणमा पुनः सुमित्रा बिकलाई रु. ७०,००० र बिना बिसंखेल तथा अस्मिता गोलेलाई रु. ६५,०००-६५,००० थप नगद सहयोग हस्तान्तरण गरिएको छ।

“पैसाको अभावमा कुनै पनि घाइतेको उपचार रोकिने छैन, नगरपालिका आवश्यक सहयोग जारी राख्नेछ,” नगरप्रमुख क्षेत्रीले भन्नुभयो। उहाँका अनुसार भोलि सम्बन्धित सबै पक्षबीच बैठक बसेर दीर्घकालीन समाधानको पहल गरिनेछ।

यसअघि बीपी यातायातले दुर्घटनामा घाइतेहरूको उपचार खर्च व्यहोर्न अस्वीकार गरेपछि पीडित पक्षले आइतवार बिहानदेखि पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए। इलाका प्रहरी कार्यालय बर्दिवासका अनुसार, प्रहरीको मध्यस्थतामा भएको छलफलपछि आइतवार दिउँसो ४ बजे राजमार्ग पुनः सञ्चालनमा आएको हो।

छलफलमा बर्दिबास-१० का वडा अध्यक्ष प्रमोदकुमार मोक्तान, वडा नं. ११ का अध्यक्ष पूर्णबहादुर बल, ईश्वरपुर नगरपालिका-१२ का अध्यक्ष देवबहादुर खत्री, पीडित परिवार र स्थानीय जनप्रतिनिधिहरू सहभागी थिए।

प्रारम्भिक सहमतिअनुसार सोमबार बिहान ११ बजे बस साउ, व्यवसायी संघ र पीडित परिवारबीच त्रिपक्षीय बैठक बस्ने भएको छ। सहमति पश्चात् हाल पूर्व-पश्चिम राजमार्ग र बीपी राजमार्ग हुँदै सवारीसाधनहरूको नियमित आवागमन सुरु भएको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ।

बर्दिबास नगरपालिकाले दुर्घटनापछिका उद्धार, उपचार र सहयोगका सबै पहललाई प्राथमिकताका रूपमा लिएको जनाएको छ।












पत्रिकाका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### आत्ममूल्यांकनको घडीमा नेपाली कांग्रेस

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक चेतनाको पहिलो नाम हो। तर आजको कांग्रेस अतीतको गौरवमा रमाउँदै वर्तमानको चुनौतीसँग जुध्न असमर्थ देखिन्छ। २००७ सालको क्रान्तिदेखि २०६२/६३ को जनआन्दोलनसम्म परिवर्तनको अग्रपंक्तिमा रहेको पार्टी अहिले विचारभन्दा पद र गुटमा सीमित भएको अनुभूति भइरहेछ।

हालैको 'जेन-जेड आन्दोलन'ले कांग्रेसको संस्थागत कमजोरी उजागर गऱ्यो। सभापति देउवामाथिको आक्रमण पार्टीमाथिको आक्रमण थियो, तर नेताहरूले त्यसलाई व्यक्तिगत घटना बनाए। यही मौनता कांग्रेसको सामूहिक चेतनाको ह्रासको प्रतीक बन्यो। लोकतन्त्र, समाजवाद र राष्ट्रिय एकता कांग्रेसका मूल मूल्य हुन्, तर ती मूल्य समयअनुसार अद्यावधिक हुन सकेका छैनन्।

संविधानपश्चात् कांग्रेस सत्ताव्यवस्थापनमा केन्द्रित रह्यो, सुधारका एजेन्डा पछि परे। संघीयता, पारदर्शिता र सुशासनका सवालमा नेतृत्व अनिर्णयको दलदलमा फस्यो। युवापुस्ता व्यवहारिक परिवर्तन चाहन्छ, तर कांग्रेस अझै भाषणमै अड्किएको छ।

अब कांग्रेसले आत्ममूल्यांकन मात्र होइन, संस्थागत पुनर्जागरणको बाटो समात्नुपर्छ। व्यक्तिकेन्द्रित होइन, संस्थामुखी निर्णय प्रणाली निर्माण गर्नुपर्छ। नयाँ पुस्तासँग प्रत्यक्ष संवाद स्थापना गरी लोकतन्त्रका मूल्यहरूलाई डिजिटल युगअनुसार पुनःपरिभाषित गर्नु जरुरी छ।

कांग्रेस अझै पनि इतिहासको अद्वितीय संस्था हो—तर यदि उसले आफ्नै मूल्य बिर्सियो भने, इतिहासले पनि उसलाई बिर्सिनेछ।

# यूएईमाथि नेपालको १ रनको रोमाञ्चक जित

● टक नेपाल



आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पे सिफिक छनोटको सुपर सिक्सअन्तर्गत यूएईसँगको खेलमा १ रनको रोमाञ्चक जित हासिल गरेको छ।

नेपालले दिएको १४१ रनको लक्ष्य पछ्याएको यूएईले २० ओभरमा ९ विकेट गुमाएर १३९ रन बनायो। यूएईका लागि अलिशान सराफूले अर्धशतकीय पारी खेले पनि पर्याप्त हुन सकेन। उनले ५८ रन बनाए। ध्रुव पराशरले ३८ रन बनाए।

एक समय ८२-१ को बलियो अवस्थामा रहेको यूएईमाथि त्यसपछि नेपालले दबाब बनाउन थालेको थियो। यूएई ९९-६ को अवस्थामा पुग्दाबाट क्रिजमा आएका ध्रुव पराशरले ठुला शटहरू खेल्दै यूएईलाई खेलमा जीवितै राखेका थिए।

अन्तिम ओभरमा १० रन आवश्यक हुँदा बलिङमा आएका दीपेन्द्रलाई पराशरले एक छक्का प्रहार गरेपनि लगत्तै दीपेन्द्रले उनलाई क्याचआउट गराएका थिए। त्यसपछि २ बलमा ३ रन आवश्यक हुँदा अर्को पनि रनआउटसँगै शर्ट रन भएपछि यूएईले कुनैपनि रन जोडेन र १ बलमा ३ रन चाहिँदा यूएईले १ रन मात्र जोड्न सक्यो।

नेपालका लागि दीपेन्द्रले ४ ओभरमा २२ रन दिएर ३ विकेट लिए। सन्दीप लामिछाने, सोमपाल कामी र गुल्शन झाले १-१ विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ओपनर आसिफ शेखको अर्धशतक मद्दतमा २० ओभरमा ६ विकेट गुमाएर १४० रन बनाएको थियो।

आसिफले ४७ बलमा ५१ रन बनाए। त्यस्तै कुशल भुर्तेलले २८ रन तथा कप्तान रोहित पौडेले २० रन बनाए। गुल्शन झाले ५ बलमा १४ रन बनाएर आउट भए।

सुरुवाती १० ओभरमा १ विकेटको क्षतिमा ७३ रन बनाएको भएपनि त्यसपछि रनगति सुस्त हुँदा नेपालले स्कोरलाई डबल पनि गर्न सकेन।

यूएईका लागि जुनेद सिद्दिकी, मुहम्मद रोहिद, जाहिद अली, ध्रुव पराशर, हर्षित कौशिक र हेदर अलीले १-१ विकेट लिए।

# प्रविधिमैत्री सेवा ............

श्रेणीका कर्मचारीहरूलाई घरबाट काम गर्न सजिलै सकिने भए तापनि अझै पनि उनीहरूलाई कार्यालय उपस्थितिमा जोड दिइएको छ। यदि यिनीहरूको काम डिजिटल प्रणालीमा रूपान्तरण गरिन्थ्यो भने एकातर्फ सेवा निरन्तरता कायम रहन्थ्यो। अर्कोतर्फ ती सेवाबाट सेवा शुल्कको माध्यमबाट सरकारलाई स्थायी आय आर्जन गर्न सकिन्थ्यो। हाल यो ई पासपोर्ट, कर तिने ई फिलिङमा प्रणाली जस्ता उदाहरण सरकारकै डिजिटल आम्दानीका प्रमाण हुन्। यस्ता प्रणालीहरू विस्तार गरी जन्मदर्ता, जग्गा दर्ता, सिफारिस, ट्राफिक जरिबाना, डिजिटल अनुमति पत्र जस्ता सेवाहरू डिजिटल रूपमै प्रदान गरिएमा हजारौँ सेवाग्राहीबाट सहजै राजस्व सङ्कलन गर्न सकिने छ। त्यसैले सरकार अब डिजिटल प्रणालीलाई केवल सङ्कट समाधान होइन, राजस्व आर्जन र दिगो सेवा सुधारको माध्यमको रूपमा पनि स्वीकार गर्न आवश्यक छ।

आजको डिजिटल युगमा मिडिया सम्पादन, डेटा विश्लेषण, लेखापालन, सूचना प्रविधि सहायता, प्रशासनिक समीक्षालगायत थुप्रै कार्य सहज रूपमा घरबाटै सम्पन्न गर्न सकिन्छ। यो अवस्था केवल मिडिया क्षेत्रका लागि मात्र होइन, योजना आयोग, लेखा शाखा, प्रशासन, सूचना प्रविधि विभागलगायतका सरकारी निकायहरूमा कार्यरत कर्मचारीहरूका लागि पनि लागु हुन्छ सरकारको ध्यान केवल हाजिरी वा उपस्थिति जाँचमा होइन, कार्यको प्रभावकारिता र कर्मचारीको सुरक्षामा केन्द्रित हुन आवश्यक छ।

नेपाल सरकारले डिजिटल नेपाल अभियान ल्याएको करिब पाँच वर्षभन्दा बढी भइसकेको छ। सिंहदरबारमा कागजरहित प्रणालीको घोषणा गरिए पनि व्यवहारमा सरकारी कार्यालय अझै पुरानै शैलीमा चलिरहेका छन्। यसका लागि सरकारी अभिलेख अनिवार्य रूपमा डिजिटल रूपमा सुरक्षित गर्नुपर्ने आवश्यकता छ। साथै हाइब्रिड कार्य मोडेललाई नीति तहमै लागु गर्नु, सूचना प्रविधिमा ठोस लगानी गर्नु तथा कर्मचारीलाई डिजिटल सिपसम्बन्धी आवश्यक तालिम प्रदान गर्नु अत्यावश्यक देखिन्छ।

सरकारी कामकाजमा डिजिटल प्रविधिको अभावले नागरिकले बारम्बार सेवा पाउँदा कठिनाइ भोग्नु परेको छ। सङ्कटको बेला मात्रै डिजिटल प्रणालीको चर्चा गरेर समाधान खोज्ने प्रवृत्तिले अब काम गर्दैन। सेवा प्रभावकारी, छिटो र सुरक्षित बनाउने एउटै उपाय भनेको डिजिटल प्रणाली हो। यसका लागि सरकारले कर्मचारीको सुरक्षालाई प्राथमिकता दिनु आवश्यक छ। लचिलो र आधुनिक कार्य प्रणालीलाई नीतिगत रूपमा लागु गर्दै, डिजिटल पूर्वाधार र जनशक्ति विकासमा

☛ विज्ञापन गानुपेमा
☛ ९८६३३२११४
☛ ९८०८७८२११४
☛ दसैं तिहारमा विशोष छुट






# प्रविधिमैत्री सेवा प्रभावकारी

● टक नेपाल



सरकारी कामकाजमा डिजिटल प्रविधिको अभावले नागरिकले बारम्बार सेवा पाउँदा कठिनाइ भोग्नु परेको छ। सङ्कटको बेला मात्रै डिजिटल प्रणालीको चर्चा गरेर समाधान खोज्ने प्रवृत्तिले अब काम गर्दैन। सेवा प्रभावकारी, छिटो र सुरक्षित बनाउने एउटै उपाय भनेको डिजिटल प्रणाली हो।

कुमार अभिनव

नेपाल हाल बहुआयामिक सङ्कटको सामना गरिरहेको छ। आर्थिक मन्दी, सामाजिक अस्थिरता, प्राकृतिक विपत् र जेनजी आन्दोलनका कारण सरकारी पूर्वाधारमा गम्भीर क्षति पुगेको छ। कार्यालयहरूमा भएको आगजनी र तोडफोडले सेवा प्रवाह अवरुद्ध मात्र गरेको छैन, कर्मचारी सुरक्षामाथि समेत गम्भीर प्रश्न उठाएको छ। यस्ता जटिल परिस्थितिहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न अब सरकारले डिजिटल कार्य प्रणालीलाई अविलम्ब अपनाउनु अपरिहार्य भइसकेको छ।

डिजिटल रूपान्तरण भन्नाले कुनै संस्था, निकाय वा सरकारको पारम्परिक कार्य प्रणालीलाई डिजिटल प्रविधिको प्रयोगमार्फत आधुनिक, लचिलो र प्रभावकारी बनाउने प्रक्रिया हो। यसले केवल कागजलाई कम्प्युटरमा राख्ने काम मात्र होइन, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन, डेटा सुरक्षादेखि नीति निर्माणसम्मको सम्पूर्ण प्रणालीलाई प्रविधिमैत्री बनाउने उद्देश्य राख्छ।

विश्वका ठुला कम्पनीले कार्यस्थलमा डिजिटल र लचिलो मोडेलहरू (वर्क फ्रम होम, हाइब्रिड मोडेल) सफलतापूर्वक अपनाएका छन्। विश्वको तथ्याङ्क अनुसार, विश्वका करिब २८ प्रतिशत कर्मचारी पूर्ण रूपमा अनलाइन काम गर्छन् भने ६३ प्रतिशत कम्पनीले हाइब्रिड मोडल अपनाएका छन्। यी मोडेलहरूले लागत घटाउनुका साथै काममा लचकता, समयको उपयोग र उत्पादकत्वसमेत बढाएका छन्। नेपाल जस्तो भौगोलिक रूपमा चुनौतीपूर्ण र सामाजिक रूपमा संवेदनशील देशमा यस्ता डिजिटल मोडेलहरू अझै बढी सान्दर्भिक छन् तर दुर्भाग्यवश, अहिले पनि अधिकांश सरकारी सेवा प्रणाली कागजी प्रक्रियामा आधारित छ।

नेपालमा हरेक वर्ष बाढी, पहिरो, भूकम्प जस्ता विपत् आउँछन्। यस्तो अवस्थामा कर्मचारीहरूको कार्यालय उपस्थिति बाधित हुनु स्वाभाविक हो तर त्यसले सेवा प्रवाह रोकिनु हुँदैन। यस्तो चुनौतीपूर्ण परिस्थितिमा पनि सेवा प्रवाह निरन्तर राख्न डिजिटल प्रणालीको प्रयोग अत्यन्त आवश्यक छ। डिजिटल माध्यमबाट कर्मचारीहरूले घरबाटै सुरक्षित रूपमा कार्य गर्न सक्ने वातावरण सिर्जना गर्न सकिन्छ, जसले सेवा निरन्तरता सुनिश्चित गर्नुका साथै प्रशासनिक कार्यहरू समयमा सम्पन्न गर्न सहयोग पुर्‍याउँछ।

कोरोना महामारीको समयमा नेपाल सरकारले केही डिजिटल प्रणाली अस्थायी रूपमा लागु गरेको थियो। 'अनलाइन फाराम,' 'भर्चुअल मिटिङ' र घरबाट काम गर्ने अभ्यास प्रभावकारी साबित भएका थिए तर महामारीपछिका दिनमा ती प्रणालीहरूलाई संस्थागत गर्न सरकार असफल रह्यो। यदि त्यसबेला विकास गरिएका प्रणालीलाई दीर्घकालीन बनाइएको भए अहिलेको जस्तो सङ्कटमा सरकारी सेवा प्रभावित हुने थिएन। नेपालका धेरै सरकारी निकायमा अझै पनि परम्परागत कार्यशैली हाबी छ। सचिव, कार्यालय प्रमुख, विभाग प्रमुखलगायत नेतृत्व तहका व्यक्तिहरूले कामको परिणामभन्दा पनि उपस्थितिलाई प्राथमिकता दिने प्रवृत्ति देखिन्छ। यसले कार्यालयहरूमा चापलुसी संस्कृतिलाई संस्थागत रूप दिएको छ, जसले दक्ष, इमानदार र नवप्रवर्तनशील कर्मचारीको उत्प्रेरणा क्षीण पारिरहेको छ।

डिजिटल रूपान्तरण केवल प्रविधि प्रयोगको कुरा मात्र होइन, कार्यसंस्कृतिमा पनि आमूल परिवर्तनको आवश्यकता हो। यसका लागि नेतृत्व तहका पदाधिकारीहरू स्वयम् 'आइटीमैत्री' बन्नु अत्यावश्यक छ। उनीहरूबाटै लचिलो, प्रभावकारी र नतिजा आधारित कार्य संस्कृतिको अभ्यास सुरु हुनु पर्छ। यसै सन्दर्भमा अब सबै मन्त्रालय, विभाग तथा कार्यालयहरूको डिजिटल तत्परता, प्रविधि प्रयोग र सेवा प्रभावकारिताको आधारमा मूल्याङ्कन गरी बजेट वितरण गर्नुपर्ने समय आएको छ। जुन कार्यालयले डिजिटल माध्यमबाट जनसेवा प्रभावकारी बनाइरहेका छन्, तिनीहरूलाई थप बजेट, स्रोत र प्रविधिमा प्राथमिकता दिनु पर्छ। अर्कोतर्फ, जुन कार्यालयहरू अझै पनि हाजिरीमुखी, चापलुसी-आधारित र पुरानै प्रणालीमा अल्झिएका छन्, तिनलाई सुधारको लागि स्पष्ट समयसीमा र मूल्याङ्कन मापदण्ड तोक्नु पर्छ। यस प्रकारको प्रोत्साहन-दण्ड प्रणालीले प्रतिस्पर्धात्मक सुधार ल्याउने छ र सरकारी सेवा प्रणालीलाई दक्ष, पारदर्शी र नागरिकमैत्री बनाउने दिशामा अगाडि बढाउने छ।

हालैको आन्दोलनमा देशभरका सरकारी कार्यालयमा आगजनी हुँदा हजारौँ मह□वपूर्ण कागजातहरू नष्ट भए। रिपोर्ट अनुसार १७ वटा अदालतका अभिलेखहरू पूर्ण रूपमा जलेर नष्ट भएका छन्, जसले न्याय प्रक्रिया अनिश्चितकालसम्म पछाडि धकिएको छ। यदि ती सबै कागजात डिजिटल रूपमा सुरक्षित गरिएको भए डेटा सजिलै पुनः प्राप्त (री स्टोर) गर्न सकिन्थ्यो भने कुनै कम्प्युटर वा डिभाइस नष्ट भए पनि त्यो रिकभरी गर्न सकिन्थ्यो। यसको समाधान भनेको कागजरहित कार्यालय प्रणालीको स्थापना हो, जुन आजको युगमा अत्यन्त आवश्यक भइसकेको छ।

संयुक्त राष्ट्रसङ्घको मापदण्ड अनुसार कुनै पनि सङ्कटमा सुरक्षा सर्वप्रथमको सिद्धान्त लागु हुनु पर्छ। नेपाल सरकारले प्रदान गर्ने सेवाहरू तीन प्रमुख श्रेणीमा विभाजन गर्न सकिन्छ। पहिलो, प्रत्यक्ष रूपमा नागरिकसँग संलग्न हुने कर्मचारी (जस्तै नागरिकता, सिफारिस, राहदानी दिने कर्मचारी)। दोस्रो, प्राविधिक वा प्रशासनिक कर्मचारी (जस्तै विश्लेषक, योजना निर्माता, लेखापाल, आइटी कर्मचारी) जसको कार्य सेवा प्रवाहको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ। तेस्रो, सुरक्षा निकाय, जसको कार्य क्षेत्रमा प्रत्यक्ष फिल्ड उपस्थिति अनिवार्य हुन्छ।

विशेषतः दोस्रो

बाकी पृष्ठ २......






# मतदाता नामावली बनाउन युवाहरु उत्साहित



टक नेपाल

नेपाल सरकारले अगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन घोषणा गरेपछि नयाँ मतदाता नामावलीमा नाम समावेश गराउन १८ वर्ष उमेर पुगेका युवाहरु उत्साहित देखिएका छन् ।

निर्वाचन आयोगको असोज ९ गतेको निर्णयअनुसार प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेश जनकपुरधामले नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउने कार्यक्रम अन्तर्गत असोज १० गतेबाट फारम दर्ता गर्न सुरु गरेपछि मतदाता नामावलीमा नाम दर्ता गराउने युवाहरुको अहिले प्रत्येक दिन भिड लाग्नेगरेको छ ।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका कम्प्युटर ओपरेटर दिलिप दासका अनुसार प्रत्येक दिन अहिले दुई सयदेखि तीन सयसम्मको हराहारीमा युवाहरु नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउन फारम भर्न प्रदेश निर्वाचन कार्यालय आउनेगरेको छ ।

उहाँले नाम दर्ताका लागि नागरिकतासहितको आवश्यक कागजातबारे कार्यालयमै सूचना टाँस गरिदिएको र नाम दर्ता गराउन आउनेहरुले अनलाईन दर्तागरी भरेको फारम कार्यालयमा बुझाउने गरेको जानकारी दिनुभयो ।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका कर्मचारी कृष्ण राउतका अनुसार असोज २६ गते दिउँसो २ बजेसम्ममा एक हजार तीनसय ३१ जना युवाले नयाँ मतदाता नामावलीमा फारम दर्ता गराइसकेका छन् । जसमध्ये १७१ जना अन्य जिल्लाको र बाँकीको धनुषाको रहेको उहाँले बताउनुभयो ।

कर्मचारी राउतका अनुसार नागरिकता प्राप्त गरेका जोकोहीले पनि अहिले फारम भर्न पाउने र निर्वाचनको मितिभन्दा एक दिन अगाडिसम्ममा १८ वर्ष पूरामा मतदान गर्न पाउने बताउनुभयो ।

यता, आइतबार नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउन प्रदेश निर्वाचन कार्यालय पुगेका जनकपुरधामका शिवम साहले १८ वर्ष उमेर पुगेपछि नयाँ मतदाता नामावलीमा नाम दर्ताका लागि आफू कार्यालय आएर फारम दर्ता गराएको भन्दै अब अगामी निर्वाचनमा पहिलो पटक मतदान गर्न पाउनेमा खुशी व्यक्त गर्नुभयो ।

प्रदेश निर्वाचन कार्यालय मधेश प्रदेशका प्रमुख लुम्बनाथ पोखरेलले कार्यालयले अहिले प्रमुख तीनवटा कार्यलाई प्राथमिकतासाथ अघि बढाइरहेको जानकारी दिनुभयो । उहाँले नयाँ मतदाता नामावलीमा नाम दर्ता, मतदाता नामावलीमा केही त्रुटि भएमा त्यसलाई सच्याउने र एक ठाउँबाट अर्को ठाउँमा मतदाता नामावली सार्न चाहेमा सराइको काम गरी तीन कामलाई प्राथमिकतासाथ निर्वाचन कार्यालयले अघि बढाएको बताउनुभयो । उहाँले मधेश प्रदेशमा व्यवस्थित र शान्तिपूर्ण रुपमा अहिले नयाँ मतदाता नामावलीमा नाम दर्ता गराउने काम भइरहेको बताउनुभयो ।

### महोत्तरीको ९ वटा

# पालिकामा मात्रै २ हजार हेक्टर धानबाली नष्ट



टक नेपाल

गत आइतबार र सोमबार जिल्लाको रातो नदीको तटबन्ध भत्किएर आएको भीषण बाढीले नौ पालिकामा मात्रै करिब दुई हजार हेक्टरमा लगाइएको धानबाली नष्ट भएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द यादवका अनुसार जिल्लाका १५ पालिकामध्ये अहिलेसम्म नौ पालिकाबाट मात्रै प्राप्त विवरणअनुसार बाढीले करिब दुई हजार हेक्टर जमिनमा लगाइएको धानबाली डुबाएर नष्ट भएको छ ।

उनका अनुसार अहिलेसम्म प्राप्त भएको विवरणअनुसार जिल्लाको महोत्तरी गाउँपालिकामा सबैभन्दा बढी ६०० हेक्टर, बलवा नगरपालिकामा ५०० हेक्टर, मटिहानी नगरपालिकामा ३०० हेक्टर, एकडारा गाउँपालिकामा ३०० हेक्टर, लोहारपट्टी नगरपालिकामा १०० हेक्टर, भङ्गाहा नगरपालिकामा ८६ हेक्टर, औरही नगरपालिकामा २३ हेक्टर, गौशाला नगरपालिकामा २० हेक्टर र सोनमा गाउँपालिकामा १० हेक्टर गरी एक हजार ९३९ हेक्टर जग्गामा लगाइएको धानबाली नष्ट भएको छ ।

त्यसैगरी, ती पालिका बाढीले गर्दा नै एक हजार २९० हेक्टर उखुबाली, ६३६ हेक्टर तरकारी बाली र १५३ हेक्टर जग्गामा लगाइएको दलहन बाली नष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । उखुबालीमा सबैभन्दा बढी सोनमा गाउँपालिकामा ८७५ हेक्टर र तरकारी बालीमा सबैभन्दा बढी मटिहानी नगरपालिकामा १०० हेक्टर क्षति भएको जनाइएको छ ।

रातो नदीको तटबन्ध भत्किएर जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिका नै प्रभावित हुनेगरी जिल्लामा भीषण बाढी आएको थियो । त्यसले कृषि क्षेत्रमा ठूलो क्षति पुर्याएको छ । कृषि ज्ञान केन्द्रले बाढीबाट कृषि क्षेत्रमा भएको क्षतिको विवरण प्रत्येक पालिकाबाट माग गरेकामा अहिलेसम्म नौ पालिकाले मात्रै क्षति विवरण उपलब्ध गराएको छ ।

# तिहारलाई दियो र पाला : विद्युतीय सामग्री छ्यापछ्याप्ती हुँदा बिक्रीमै समस्या

टक नेपाल



राजेश्वर पण्डित उमेरले ६० कट्नै लागेका छन् । तर माटाका सामानहरु बनाउन युवाभन्दा पनि सक्रिय छन् । उनलाई आउँदै गरेको तिहारको लक्ष्मीपूजा र छठ पर्वका लागि माटोको दियो, हाथी, ढकना, सर्वालगायतका सामग्री बनाउने चटारो छ ।

यी चाडपर्वमा माटोका सामग्रीको माग उच्च हुने भएकाले उमेरको ख्याल नगरी राजेश्वर बिहानैदेखि काममा खटिन्छन् । जनकपुरधाम उपमहानगरपालिका-२४ बसहियाका स्थानीय राजेश्वरले माटोबाट निर्माण हुने विभिन्न कलात्मक सामाग्रीहरु बनाउन थालेको ४० वर्ष भइसकेको छ । उनी घर चलाउन पुर्ख्यौली पेसाका साथै अन्य काम पनि गर्छन् ।

'माटोको सामग्री कुनै विशेष पर्व वा सिजनमा मात्रै बिक्री हुने गर्छ । त्यसमध्ये दीपावली र छठ हो, यही पेसाको भर पर्ने हो भने घर चलाउन हम्मे पर्छ', उनी भन्छन्, 'त्यसैले घरपरिवार धान्न अन्य पेशा समेत अपनाएको छु' ।

उनले माटोको सामाग्री बेचेर सिजनअनुसार अरुले ३० हजारदेखि १ लाखसम्म आम्दानी गरेको देखेका छन् । 'म एक सिजनमा लगभग ३५ हजारसम्म मात्रै आम्दानी गर्न सक्छु', उनी सुनाउँछन् ।

राजेश्वरको जस्तै दैनिकी वडा नम्बर १२ का स्थानीय ५१ वर्षीय रामबली पण्डितको पनि छ । उनले माटोका भाँडाकुँडाको व्यवसाय सुरु गरेको १५ वर्ष भएको छ । रामबली पनि एक सिजनमा राजेश्वर जस्तै ३० देखि ३५ हजारसम्म कमाउँछन् । उनको घरपरिवारमा अरु कोही यो पेसामा संलग्न छैनन् ।

'आफू एक्लैले जति सक्छु त्यतिसम्म बनाउने कोसिस गर्छु । एक सिजनमा लगभग ३० देखि ३५ हजारसम्म आम्दानी हुन्छ,' रामबली भन्छन् ।

राजेश्वर र रामबलीजस्ता माटाका सामग्री बनाउनेहरुको आम्दानी घट्दै जानुमा पर्वहरुमा बढ्दै गएको आधुनिकता पनि हो । दियोको ठाउँ अहिले विद्युतीय बल्बले लिन थालेका छन् । कम खर्चमा झिलिमिली सामग्री पाउने भएपछि उपभोक्ताहरु यसतर्फै आकर्षित भएको देखिन्छ ।

'आजभोलि विद्युतीय बल्ब, झिलीमिलीको अत्यधिक प्रयोग हुने गरेको छ, जसकारण हामीले दिनरात एक गरेर बनाएको दियो बेच्न निकै समस्या छ', रामबली भन्छन्, 'त्यसमा पनि यति मिहिनेत गरेर निर्माण गरेको सामाग्रीहरुको उचित मूल्य दिँदैनन् । घाटा सहेर पनि आफ्नो पुर्ख्यौली पेसालाई जोगाउन लागिरहेको छु ।'

पाँच वर्षअघि ५० रुपैयाँमा बिक्री हुने कलशको भाउ अहिले पनि उही छ । दियोको अहिले २ रुपैयाँ मात्रै बढेको राजेश्वर सुनाउँछन् ।

जनकपुरधाम उपमहानगरपालिका-१२ कुवाका बिल्टु पण्डित उमेर ७० वर्ष पार गरिसकेका छन् । उनलाई सघाउने कोही छैन, तर आफ्नो पुर्ख्यौली पेसा जोगाउन काम गरिरहेका छन् ।

'छोरी हुँदा उनले सहयोग गर्थिन् तर छोरीको बिहे भइसक्यो । अब काममा सहयोग गर्ने कोही छैन', उनी भन्छन् ।

देशमा स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकार छ । तर राजेश्वर, बिल्टु र रामबलीजस्तो पेसा गर्नेहरुका लागि प्रोत्साहन मिलिरहेको छैन । रामबली भन्छन्, 'नगरमा मेयर बने पनि, प्रदेशमा मुख्यमन्त्री बने पनि हाम्रा लागि केही छैनन्' ।

पिठो पिँधेभन्दा तीन गुणा बढी माटोलाई पिँधेर त्यसमा रहेका कंक्रिटहरु निकालेर निर्माण गरिने माटाका सुन्दर कलात्मक दियो र कलशहरु विद्युतीय सामग्रीका कारण ओझेल परिरहेका छन् ।

बिल्टु भन्छन्, 'हामी १० देखि १५ दिन लगाएर दियो, कलश तयार पार्छौं । तर बजारमा बेच्न जाँदा त्यो पनि थोरै मात्रामा बिक्री हुन्छ । हाम्रो पेसा बचाउन हामी यसमा आवद्ध छौं घाटा व्यहोरेरै भए पनि ।'

जनकपुरधाम उपमहानगरपालिका-२४ का वडा सदस्य रामबाबु पण्डितका अनुसार कुम्हालहरुले यति मेहनत गरेर बनाएका कलात्मक सामग्रीले बजार पाउन नसक्दा युवापुस्तामा यस पेसाप्रति वितृष्णा जागेको छ ।

'पहिला पहिला दीपावली र छठ पर्वमा माटोकै दियो वा भाँडोहरु प्रयोग हुन्थ्यो तर अब त्यस्तो रहेन', उनी भन्छन्, 'अब माटोको दियोको साटो विद्युतीय दियो र बल्ब तिहार र छठमा प्रयोग हुन थालेको देखिन्छ । यसले माटोका सामग्री बनाउनेहरुको पेसा नै संकटमा पारेको छ ।'

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014